# महाङ्काल गाउँपालिका

महाङ्काल गाउँपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड १०　　　　संख्या १०　　　　मितिः २०८०/०९/२१



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को अधिकार प्रयोग गरी महाङ्काल गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

## भाग–२

# महाङ्काल गाउँपालिकाको सेवा करारमा गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण

एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा सेवा करारमा गाउँ प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि वाञ्छनीय भएकोले, महाङ्कालको कार्यपालिकाले यो कार्यविधि जारी गरी लागु गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सेवा करारमा गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "अध्यक्ष" भन्नाले महाङ्काल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४" सम्झनु पर्दछ।

(३) "कार्यविधि" भन्नाले महाङ्काल गाउँपालिकाकाको सेवा करारमा गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

(४) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(५) "गाउँ प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका गाउँप्रहरी लाई सम्झनु पर्दछ।

(६) "समिति" भन्नाले दफा १० बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ।

(७) "गाउँपालिका" भन्नाले महाङ्काल गाउँपालिकालाई बुझ्नुपर्दछ।

## परिच्छेद – २

## गाउँ प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. **गाउँपालिका गाउँ प्रहरीको सम्बन्धः** गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी गाउँ प्रहरी नियुक्त गरिनेछ। समस्त गाउँ प्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ। गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ।

४. **गाउँपालिकामा रहने गाउँ प्रहरीको संख्या, पद र तह :**

(१) गाउँपालिकामा रहने गाउँ प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा गाउँ सभाले स्वीकृत गरे बमोजिम हुनेछ।

## परिच्छेद – ३

## गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

५. **गाउँ प्रहरीका काम, कर्तव्य र अधिकारहरुः**

(क) स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) (२) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने। यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने। सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारबाही गर्ने।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य

निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पंक्षीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने ।

७. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ अध्यक्ष समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारबाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल विकास समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१२. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको विक्री वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारबाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारबाही गर्ने ।

१३. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारबाहीका लागि सिफारिस गर्ने ।

१४. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारबाहीका लागि सिफरिस गर्ने ।

१५. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१६. बजार अनुगमन गर्ने, नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१७. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको

पाइएमा कारबाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा आफ्नो गाउँपालिकामा जानकारी गराउने ।

१८. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोट, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुम्रपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँ पालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

१९. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२०. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२१. बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधानहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनुपर्ने कागजात नराखेको वा नभएको पाइएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने । बिना हेलमेट मोटर साइकल चलाएको पाइएमा कारबाहीको लागि गाउँपालिका वा स्थानीय प्रहरी कार्यालय समक्ष पेश गर्ने ।

२२. गाउँपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२३. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

२४. विपद, महामारी भएमा खोज, उद्दार तथा राहत पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

२५. गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२६. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२७. गाउँपालिका क्षेत्रबाट चोरी निकासी हुने बन पैदावार, जडीबुटी, ढुङ्गा, गिट्टी बालुवाका साथै महाङ्काल क्षेत्रको जलचर, उभयचर, स्थलचर प्राणी र पंक्षीको अनाधिकृत तवरबाट चोरी निकासी तथा त्यस्ता जनावरहरुलाई हानी नोक्सानी गर्ने गराउने व्यक्ति वा समूहको पहिचान गरी गाउँपालिका समक्ष विवरण पेश गरी कारबाहीको लागि सिफारिस समेत गर्ने ।

२८. महाङ्काल गाउँपालिका क्षेत्रभित्र, गाउँपालिका तथा सरोकारवाला निकायबाट अनुमती नलिई ड्रोन उडाएको, चलचित्र छायाँङ्कन गर्दै गरेको साथै विभिन्न गैह्र सरकारी संघ संस्थाहरुले कार्यक्रम गरेको पाइएमा वा भेटिएमा गाउँपालिका समक्ष जानकारी गराउने ।

२९. महाङ्काल गाउँपालिकाको प्रशासकीय भवन परिसरको पाले पहरा गरि २४ सै घण्टा सुरक्षा प्रदान गर्ने ।

३०. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने र गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने र गराउने ।

(ख) गाउँ प्रहरी हवल्दारले गाउँ प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने गाउँ प्रहरी जवानहरुले गाउँ प्रहरी हवल्दारको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५(क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ।

## परिच्छेद – ४

## गाउँ प्रहरीको श्रेणी, पद, पदपूर्ति तथा कार्यालय सम्बन्धी व्यवस्था

६. **श्रेणी र पद** : गाउँ प्रहरी राजपत्र अनंकित चतुर्थ श्रेणी वा सो सरह देखि राजपत्र अनंकित तृतीय श्रेणी वा सो सरह सम्म हुनेछ।

७. **पद संख्या निर्धारण** : गाउँपालिका गाउँ प्रहरीको पदसंख्या निर्धारण गर्ने कार्य गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले गर्नेछ र अनुमोदन गाउँसभाले गर्नेछ।

८. **कार्यालय सम्बन्धी व्यवस्था** : गाउँ प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय वा गाउँपालिका अन्तर्गतका वडा कार्यालय वा वडा कार्यालयले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ।

९. **गाउँप्रहरी सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था** :

(क) गाउँ प्रहरीको पदपूर्ति अनुसूची २ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ।

(ख) गाउँप्रहरीको पदपूर्ति गर्दा समावेशी तरिकाले हुने गरी भर्ना गर्नुपर्छ।

१०. **पदपूर्ति समितिको गठन** :

(क) गाउँ प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन- हुनेछ :

(१) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी - सदस्य

(३) जिल्ला/इलाका प्रहरी कार्यलयको प्रतिनिधि- विज्ञ सदस्य

(४) गाउँकार्यपालिका कार्यालय प्रशासन शाखाको प्रमुख -सदस्य सचिव

(ख) उपदफा (क) बमोजिम गठन भएको पदपूर्ति समिति मा विज्ञ सदस्यको रुपमा अवकाश प्राप्त अधिकृत स्तरको गाउँ प्रहरी वा सुरक्षाकर्मी आमन्त्रित सदस्यको रुपमा रहनेछ।

११. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार** :

(क) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

(१) गाउँ प्रहरी (वरिष्ठ समेत) को पाठ्यक्रम निर्धारण गर्ने,

(२) पदपूर्ति कार्यतालिका बनाउने,

(३) परीक्षाको किसिम तोक्ने,

(४) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(५) परीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने र

(६) नियुक्तिको लागि सिफारिस गर्ने।

(ख) पदपूर्ति समितिको काम,कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला (कार्यपालिका) समक्ष लिखित रुपमा जानकारी गराई निकाश निकालिनेछ।

१२. **न्युनतम योग्यता** : गाउँ प्रहरी पदमा खुल्ला प्रतियोगिताद्धारा पूर्तिको लागि चाहिने न्यूनतम योग्यता अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ।

१३. **विज्ञापन प्रकाशन** :

(क) पदपूर्ति समितिले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा दरखास्त दिन सक्ने समयावधी राखेर देहायको बिषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(१) पदको नाम,

(२) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने),

(३) दरखास्त दिने म्याद र स्थान,

(४) दरखास्त दस्तुर,

(५) आवश्यक न्यूनतम शैक्षिक योग्यता,

(६) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

(७) सम्पर्क मिति र स्थान,

(८) परीक्षाको तरिका र

(९) अन्य शर्तहरु

(ख) पदपूर्ति समितिले दफा १३ को उपदफा (क) बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र विषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको नै निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ।

१४. **दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा** :

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसूची ३ र अनुसूची ४ मा उल्लेख भए अनुसार हुनेछ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रति उपलब्ध गराइनेछ।

१५. **परीक्षा सञ्चालन** :

(क) पदपूर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरी परीक्षा सञ्चालन गर्नेछ ।

(ख) उपनियम (क) बमोजिम परीक्षा सञ्चालन गर्दा हरेक परीक्षाको नतिजा प्रकाशन भए पश्चात्त क्रमबद्ध ढंगले परीक्षा सञ्चालन हुनेछ।

१६. **नतिजा प्रकाशन** :

(क) उम्मेदवारले प्रथम परीक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परीक्षामा सामेल हुन पाउनेछन्।

(ख) पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ।

१७. **नियुक्ति गर्ने अधिकारी** :

(क) पदपूर्ति समितिले अख्तियारवाला समक्ष सिफारिस भई सो को अनुमोदन भए पश्चात्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन।

(ख) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिनभित्र नियुत्ति दिनुपर्ने छ।

१८. **नियुक्ति वदर हुन सक्ने अवस्था** :

(क) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले गाउँ प्रहरीको नियुक्ति वदर गर्न सक्नेछ।

(१) परिक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा अनसूची ५ मा तोकिएबमोजिम आचरण, वा

(२) दफा १७ को (ख) बमोजिम नियुक्ति सदर भई कार्य सम्पादन गरिरहेको गाउँ प्रहरीको अनुसूची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा।

(ख) दफा १८ मा जे उल्लेख भए पनि गाउँ प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः वदर हुनेछ।

१९. **पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ।**

(क) शारीरिक परीक्षण : उम्मेदवारहरुको शारीरिक परीक्षण अनुसूची २ बमोजिम गरिनेछ

(ख) शारिरिक तन्दुरुस्ती सम्बन्धी २० पूर्णाङ्कको परीक्षा हुनेछ र सो परीक्षामा समावेश हुने विदा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) लिखित परीक्षाः लिखित परीक्षाको लागि पदपूर्ती समितिले ६० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ।

(घ) अन्तरवार्ताः अन्तरवार्ताको लागि पूर्णाङ्क २० रहनेछ। यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८ र अधिकतम १४ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

(ङ) स्थानीय उम्मेदवारको हकमा क, ख, ग र घ बाट प्राप्त भएको जम्मा अंकमा ५ अंक थप प्रदान गरि अन्तिम नतिजा प्रकाशन गरिनेछ।

## परिच्छेद – ५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

२०. **विज्ञापन सम्बन्धी व्यवस्थाः** समितिले गाउँ प्रहरी पदपूर्तिको लागि विज्ञापन गर्नुपर्दा अनुसूची-१ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ।

२१. **दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्थाः** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची- १ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्दछ। दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची-४ बमोजिमको प्रवेश पत्र पाउनेछन्।

२२. **नतिजा प्रकाशन र सूचीकृत गर्नुपर्नेः** समितिले योग्यतक्रम निर्धारण गरी सोही बमोजिम सूचीकृत समेत गरी गाउँप्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ। यसरी नतिजा प्रकाशन र सूचीकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ।

२३. **सिफारिस तथा नियुक्तिः** दफा २२ बमोजिमको कार्य सम्पन्न भए पश्चात् पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ। सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ।

## परिच्छेद – ६

## करार सम्बन्धी व्यवस्था

२४. **करार गर्नेः**

(१) गाउँपालिकाले छनौट भई सूचीकृत गरेका मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचीकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-८ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-७ बमोजिमको पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा ६ महिना देखि बढीमा १ वर्षसम्माका लागि मात्र करार गर्नु पर्नेछ। तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप गरिनेछ।

(६) गाउँप्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन।

**२५. कार्य शर्त, पारिश्रमिक र अवधिः**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ। तर करार सम्झौतामा उल्लेख गरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन।

(३) कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन।

२६. **करार समाप्तीः**

(१) करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ।

## परिच्छेद – ७

## विविध

२७. **गाउँ प्रहरीको सेवा र सुविधाः** गाउँ प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँकार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ।

२८. **विदाः** गाउँप्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ।

२९. **पोशाकः** गाउँ प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूची-६ बमोजिम हुनेछ। डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ।

३०. **डिउटी अवधिः** गाउँ प्रहरीको डिउटी प्रतेक दिन र रातमा तालिका बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी गर्नुपर्ने समय मिलाइनेछ।

३१. **व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँकार्यपालिकालाई रहनेछ।

३२. **अमान्य हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा महाङ्काल गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

**अनुसूची १**

(दफा २१ संग सम्बन्धित विज्ञापनको ढाँचा)

**महाङ्काल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

**गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति** ..........

गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना । (सूचना प्रकाशन मिति : .......................) महाङ्काल गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यपालिकाको मिति.....................को निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको गाउँ प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र गाउँपालिकाको ........................ बैंकमा रहेको .....................खाता नं. ........................मा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| | | | | |

**गाउँपालिका गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता**

(क) गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ ।

(१) नेपाली नागरिकता प्रमाण पत्र पाएको ।

(२) १८ वर्ष पूरा भई वर्ष ४५ ननाघेको ।

(३) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा आधारभूत तह उत्तीर्ण भएको ।

(४) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र छाती नफुलाउदा घटीमा ३२ इन्च र फुलाउदा ३४ इन्च र महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने छ।

(५) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको जानकारी लिखित दिनुपर्ने।

(६) शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको।

(७) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(ख) **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

(**ग**) **परीक्षाको किसिमः** शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र अन्तरवार्ता।

(घ) परीक्षा केन्द्रः गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

(ङ) दरखास्त दस्तुरः तह अनुसार तोकिनेछ।

(च) तलब स्केलः गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

**अनुसूची २**

(दफा २१ संग सम्बन्धित विज्ञापनको ढाँचा)

**महाङ्काल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

**गाउँपालिका गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता**

(**दफा ९ संग सम्बन्धित** )

(क) गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ।

(१) नेपाली नागरिकता प्रमाण पत्र पाएको।

(२) १८ वर्ष पूरा भई वर्ष ४५ ननाघेको।

(३) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा आधारभूत तह उत्तीर्ण भएको।

(४) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र छाती नफुलाउँदा घटीमा ३२ इन्च र फुलाउदा ३४ इन्च र महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने छ।

(५) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको जानकारी लिखित दिनुपर्ने।

(६) शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको।

(७) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

अनुसूची- ३

**दरखास्त फारामको नमुना**

(**दफा १४ को उपदफा** (**क**) **संग सम्बन्धित**)

| |
|---|
| पासपोर्ट साईजको फोटो |

नियुक्त हुन चाहेको पदः

विज्ञापन नम्बर :

आवेदन पेश गरेको कार्यालय :

व्यक्तिगत विवरण :

नाम थर :

जन्म मिति :

स्थायी ठेगाना :

बाबुको नाम : बाजेको नाम :

आमाको नामः

पेशा :

विवाहित वा अविवाहित :

शैक्षिक योग्यता.................: उतिर्ण

नागरिकता नम्बर : नागरिकता जारी भएको मिति/जिल्ला अनुभव भए सो को प्रतिलिपी :

संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :

१.

२.

३.

| औंठा छाप | |
|---|---|
| | |

माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरु सही साँचो हुन। फरक परेमा कानून बमोजिम सहुँला बुझौंला।

मितिः निवेदकको हस्ताक्षर

**अनुसूची ४**

(दफा २१ संग सम्बन्धित विज्ञापनको ढाँचा)

**महाङ्काल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

**परीक्षा प्रवेश पत्रको नमुना**

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :

विज्ञापन नम्बर :

विज्ञापन मिति :

दर्ता नम्बर :

नाम थर :

श्रेणी, तह :

उम्मेदवारको दस्तखत नमुना :

सम्बन्धित कर्मचारीले भर्ने :

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई संलग्न हुन अनुमति दिइएको छ। विज्ञापनम तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन सक्नेछ।

मिति .........................                                        अधिकृतको दस्तखत

## अनुसूची– ५

## गाउँ प्रहरीमा हुनुपर्ने आचरण

(दफा १८ को उपदफा (क) १ संग सम्बन्धित )

**गाउँ प्रहरीमा हुनुपर्ने आचरण देहाय अनुसार रहेका छन् ।**

१. कुनै प्रकारको कुलतमा नफसेको ,

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,

३. कुनै राजनैतिक पार्टीको सदस्य हुन नहुने ,

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध हुन नहुने ,

५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनुपर्ने,

६. ड्युटीमा खटिएको समयमा कुनै प्रकारको मादक पदार्थ सेवन गर्न नहुने र

७. ड्युटीमा खटिएको समयमा कोही व्यक्तिसँग झगडा एवं रिसराग गर्न नहुने ।

८. व्यत्तिगत रिसिविको आधारमा कोही कसैसँग दुर्व्यवहार गर्न नहुने ।

**अनुसूची–६**

(दफा २१ संग सम्बन्धित विज्ञापनको ढाँचा)

**महाङ्काल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

| क्र.स. | विवरण | रंग | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १ | टेरिकटन सर्ट र पाइन्ट | | २ | १ वर्ष |
| २ | ब्यारेट क्याप | | १ | २ वर्ष |
| ३ | सिठ्ठी र सिठ्ठी कड | | १ | १ वर्ष |
| ४ | वेभ बेल्ट | | १ | २ वर्ष |
| ५ | बुट | | १ जोर | १ वर्ष |
| ६ | कुम ब्याज | | १ | ५ वर्ष |
| ७ | टोपी ब्याज | | १ | ५ वर्ष |
| ८ | बर्सादी | | १ | ३ वर्ष |
| ९ | मोजा | | ४ जोर | १ वर्ष |
| १० | स्वीटर | | १ | २ वर्ष |
| ११ | ज्याकेट | | १ | २ वर्ष |

**अनुसूची–७**

(दफा २१ संग सम्बन्धित विज्ञापनको ढाँचा)

**महाङ्काल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल

श्री................................,

......................................।

**विषय : नियुक्ति सम्बन्धमा।**

तपाईलाई मिति २०७..../...../...........निर्णयानुसार सूचीकरण गरिए बमोजिम ................................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७...../....../..... देखि २०७..../......./.....सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ। साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस महाङ्काल गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ। नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

.........................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

(१) श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर र Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन।

(२) श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन।

**अनुसूची–८**

दफा २४ को उपदफा २ संग सम्बन्धित

**करार सम्झौता**

महाङ्काल गाउँ कार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ............................ जिल्ला, .............. .................. नगरपालिका/गाउँपालिका, वडा नं. ...........बस्ने श्री .................. ............................................ (यसपछि दोश्रो पक्ष भनिएको का बीच महाङ्काल गाउँपालिकाको गाउँ प्रहरीको कामकाज गर्न गराउन मिति ............................... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

**शर्तहरू**

१. **कामकाज सम्बन्धमा**ः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नुपर्ने छ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नुपर्ने स्थान**ः महाङ्काल गाउँपालिका भौगोलिक क्षेत्रभित्र ।

३. **करारमा काम गरे बापत पाउँने पारिश्रमिक तथा सेवा सुविधा**ः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ......................... (अक्षरेपी रु. ...................... ...... ................................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. **आचरणको पालना**ः दोश्रो पक्षले महाङ्काल गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** सेवा करारमा नियुक्त गाउँ प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकूल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। अन्य विदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखि कानून बमोजिम कारबाही गरिनेछ ।

८. **करार अवधिः** यो करार मिति ................................ देखि लागु भई मिति ........................... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा २४ (५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्द गरी अकी व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा पहिलो पक्षले करार सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अको व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्ने**ः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुने**ः यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट :**

हस्ताक्षर :

नाम, थर :

पद : ठेगाना :

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति) :**

हस्ताक्षर :

नाम, थर :

**साक्षीहरु**

हस्ताक्षर :

नाम, थर :

पद :

इति सम्वत्......रोज..... शुभम्............. ।

प्रमाणीकरण मितिः २०८०/०९/२१

आज्ञाले
अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत